# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ७)  बेसीशहर, मंसीर २५ गते, २०८१ साल (संख्या ४**

**भाग २**

**<u>बेसीशहर नगरपालिका</u>**

**<u>नगर कार्यपालिकाको सूचना</u>**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (२) बमोजिम बेसीशहर नगरपालिकाको मिति **२०८१ मंसीर २५ गते** को कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन (पहिलो संसोधन) कार्यविधि, २०८१

**प्रस्तावना:-** बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८० लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०  दफा १७ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको मिति २०८१/०८/२५ को कार्यपालिका वैठकले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम **बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन (पहिला संसोधन) कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुल कार्यविधिको दफा ८ मा संसोधन :** मुल कार्यविधिको दफा ८ मा देहाय बमोजिम संसोधन गरिएको छ।

| महल | हाल भएको | संशोधन गरिएको |
|---|---|---|
| परिच्छेद-३ संस्थागत व्यवस्था (ज) | ढुवानी साधनको व्लू बुक, नविकरण, विमा, मर्मत र सरकारी करहरु नियमितरुपमा तिर्ने । | (ठ) दफा ८ उपदफा (१) को बुँदा नं (ज) मा जुनसुकै कुरा उल्लेख भएतापनि सवारी साधनको स्वामित्व हस्तान्तरण नहुञ्जेल सवारी साधनको ब्लु बुक नविकरण र विमा शुल्क मात्र नगरपालिकाले व्यहोर्ने छ । |

आज्ञाले,
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य रु.५।–